# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६ ) काठमाडौं, असोज २२ गते २०४३ साल ( अतिरिक्ताङ्क २७ (क)


## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४३ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आयकर ऐन, २०३१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः आयकर ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आयकर (छैठौं संशोधन) ऐन, २०४३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आयकर ऐन, २०३१ को दफा २ मा संशोधनः आयकर ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (च) मा रहेका "नियुक्त गरेको कर अधिकृत" भन्ने शब्दहरूपछि "वरिष्ठ कर अधिकृत" भन्ने शब्दहरू थपिएका छन् ।

३. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "दुर्गम स्थान भत्ता" भन्ने शब्दहरूपछि "स्थानीय भत्ता" भन्ने शब्दहरू थपिएका छन् ।

४. मूल ऐनको दफा ९ मा संशोधनः मूल ऐनको दफा ९ को उपदफा (३) मा रहेका "अरू नै बसी आएको रहेछ भने" भन्ने शब्दहरूको सट्टा "अरूलाई वार्षिक रू. २५,०००।– भन्दा बढी बहाल लिने गरी बहालमा राखेकोमा बहाल लिने-दिनेका बीच लिखित सम्झौता गर्नु पर्नेछ र त्यस्तो सम्झौता भएको मितिले पैंतीस दिनभित्र सम्झौताको प्रतिलिपि घर बहालमा दिने व्यक्तिले सम्बन्धित कर कार्यालयमा दाखिल गर्नु पर्नेछ । सम्झौता नगरी" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल ऐनको दफा १२ मा संशोधनः मूल ऐनको दफा १२ को उपदफा (१) को खण्ड (ङ) को प्रतिबन्धात्मक वाक्यांशमा "तीन हजार" भन्ने शब्दहरू रहेका ठाउँहरूमा त्यसको सट्टा "छ हजार" भन्ने शब्दहरू राखिएका छन् ।

६. मूल ऐनको दफा १३ मा संशोधनः मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छः–

"१३. पारिश्रमिकको खूद आय निकाल्ने तरीकाः पारिश्रमिकको खूद आय निर्धारण गर्दा निम्न खर्च कटाइनेछः–

(क) आफ्नो पारिश्रमिकबाट कट्टा गरी संचय कोषमा जम्मा गरेको रकम र काममा लगाउनेले त्यस्तो कोषमा थप गरेको रकम,



३२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर कर्मचारी संचयकोष बाहेक अरू सुविधाहरूको हकमा तोकिएको अवस्थामा मात्र त्यस्तो खर्च कटाइनेछ ।

(ख) खण्ड (क) बमोजिमको रकम कटाई बाँकी हुन आउने रकममा अन्य खर्च वापत पन्ध्र प्रतिशत वा तीन हजार रूपैयाँमध्ये जुन रकम घटी हुन्छ सो रकम ।

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "अन्य खर्च" भन्नाले यस ऐनका अन्य दफाहरूबमोजिम खूद आय निर्धारणको निमित्त कटाउन पाउने अन्य खर्चलाई जनाउनेछैन ।"

७. मूल ऐनमा दफा १९ क. थपः मूल ऐनको दफा १९ पछि देहायको दफा १९ क. थपिएको छः–

"१९ क. प्राइभेट लिमिटेड कम्पनीको आय निर्धारणः प्राइभेट लिमिटेड कम्पनीको आयमा यस ऐनबमोजिम कर निर्धारण गरी त्यस्तो कर सो कम्पनी बन्द वा बिघटन भए वा नभएमा पनि सो कम्पनीको अध्यक्ष, मैनेजिङ डाइरेक्टर, वर्किङ डाइरेक्टर, मैनेजिङ एजेण्ट वा त्यस्तो अध्यक्ष, डाइरेक्टर वा एजेण्टको काम गर्ने व्यक्तिबाट असूल-उपर गरिनेछ ।"

८. मूल ऐनको दफा ३५ मा संशोधनः मूल ऐनको दफा ३५ को उपदफा (१) मा रहेका "विश्वास लागेमा" भन्ने शब्दहरूपछि "वा कर तिर्नु पर्ने कुनै व्यक्तिले कर छल्ने नियतले आफ्नो फर्म वा कारोवारको नाम वा स्थल परिवर्तन गरेमा" भन्ने शब्दहरू थपिएका छन् ।

९. मूल ऐनको दफा ४२ मा संशोधनः मूल ऐनको दफा ४२ को,–

(१) उपदफा (१) को खण्ड (घ) को शुरूमा "प्रचलित कानूनबमोजिम करपोरेट आयकर तिर्नुपर्ने बाहेक अरू" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उपदफा (१) को खण्ड (ञ) पछि देहायको खण्ड (ट) थपिएको छः–

"(ट) विदेशस्थित फर्म, कम्पनी वा व्यक्तिले बैंकमार्फत प्रतीतपत्र वा बैंक ड्राफ्टद्वारा सोझै विदेशमा रकम भुक्तानी पाउने गरी नेपालमा मालसामान आपूर्ति मात्र गरी प्राप्त गरेको आय ।"

१०. मूल ऐनको दफा ४७ मा संशोधनः मूल ऐनको दफा ४७ को,–

(१) उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर धरौटी रहने ठेक्काको ठेक रकम भुक्तानी दिंदा वा लिंदा त्यस्तो ठेक्कामा अग्रिम आयकर वापत कुनै रकम कट्टा गरिनेछैन ।"



३२३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (२) मा रहेका "दाखिल गरेपछि" भन्ने शब्दहरूको सट्टा "दाखिल गरेको कर भुक्तानी प्रमाणपत्र पेश गरेपछि" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपदफा (४) को अन्तमा रहेका "धरौटी नरहने ठेक्काको ठेक रकम भुक्तानी दिंदा वा लिंदा ठेक अङ्कको पाँच प्रतिशतले हुने रकम अग्रिम आयकर वापत कट्टा वा असूल गरी लिनु पर्नेछ" भन्ने वाक्य झिकिएको छ ।

११. मूल ऐनको दफा ५९ मा संशोधनः मूल एनको दफा ५९ को,–

(१) दफा २७ मा तोकिएको म्यादभित्र आय-विवरण दाखिल नगर्ने करदातालाई पाँच हजार रूपैयाँसम्म जरीवाना हुनेछ र त्यस्तो जरीवानाको रकम धरौटीमा राखिनेछ ।

तर त्यस्तो जरीवानाको अङ्क कर निर्धारण भएपछि लाग्ने कर रकमको दश प्रतिशतभन्दा बढी हुनेछैन ।

(२) उपदफा (२) मा रहेका "लाग्ने करको वार्षिक पाँच प्रतिशतका दरले" भन्ने शब्दहरूको सट्टा "लाग्ने करको वार्षिक पन्ध्र प्रतिशतका दरले" भन्ने शब्दहरू राखी उक्त उपदफामा रहेको प्रतिबन्धात्मक वाक्यांश हटाइएको छ ।

(३) उपदफा (५) मा रहेका "उपदफा (१) र (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (२)" भन्ने शब्दहरू राखिएका छन् ।

(४) उपदफा (६) मा रहेको "(१)" भन्ने अङ्क झिकिएको छ ।

(५) उपदफा (७) मा रहेको "(१)" भन्ने अङ्क झिकिएको छ ।

लालमोहर सदर मितिः– २०४३।६।२२।४

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव



380 233

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।